# स्थानीय राजपत्र

पुतलीबजार नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ८ , संख्या ४, पारित मिति : २०८१/०३/०२, प्रकाशित मिति : २०८१/०३/०६**

## भाग १

### विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन नियमावली,२०८१

**प्रस्तावनाः**

पुतलीबजार नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ कार्यान्वयन गर्न सो ऐनको दफा २८ को अधिकार प्रयोग गरी नगरकार्यपालिकाको मिति २०८१। । को बैठकले यो नियमावली स्वीकृत गरेको छ ।

**भाग-१**

**संक्षिप्त नाम र प्रारम्भ**

**१)** यस नियमावलीको नाम "विपद्/जोखिम न्यूनीकरण तथा ब्यवस्थापन नियमावली,२०८१" रहेको छ ।

**२)** यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

**३)** **परिभाषा** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा ;

क) ऐन भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

ख) विपद् भन्नाले ऐनमा परिभाषित विपद्को अवस्थाको प्रतिकूल नहुने गरी पुतलीबजार नगरपालिका क्षेत्रभित्र वाढी,पहिरो, भुकम्प, आगोलागि, हावाहुरी, चट्याङ, असिना, शितलहर, खडेरी, असिनाबर्षा स्वास्थ्यजन्य महामारी, लगायतका प्रकोप/वीपद्मा परी मृत्यु भएका, अङ्गभङ्ग/गम्भिर घाईते भएका,भौतिक संरचनाको क्षति भएका पीडीत वा हकवाला नगरवासीलाई, विपद्मा परी मरेका पशुपंक्षी पालक कृषक, नगदेवाली, खाद्यान्नवाली, फलपूmल नष्ट भएका पीडीत कृषकलाई परेको विपद्को अवस्थालाई सम्झनु पर्दछ ।

ग) पूर्ण क्षति भन्नाले भौतिक संरचनाको हकमा घर वा गोठ/धन्सार मर्मत गरी वसोवास गर्न नमिल्ने गरी भत्के/नष्ट भएको र कृषि तथा खाद्यान्न वालीको हकमा सबै नष्ट भएको अवस्था सम्झनु पर्दछ ।

घ) आंशिक क्षती भन्नाले भौतिक संरचनाको हकमा मर्मत गरी बसोवास गर्न मिल्नेसंरचना र कृषि तथा खाद्यान्न वालीको हकमा पुणर् क्षतिको बाहेकको अन्य क्षतिको अवस्थालाई सम्झनु पर्दछ ।

ङ) गम्भिर घाईते भन्नाले अङ्गभङ्ग भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

च) गम्भिर विरामी नगरपालिकाको स्वास्थ्य शाखाबाट स्वास्थ्यजन्य महामारीका कारणले गम्भिर अवस्था छ भनी सिफारिश भएको विरामी नगरवासी व्यक्ति सम्झनु पर्दछ ।

छ) नगर विपद् समिति भन्नाले ऐनमा व्यवस्था भएको नगरपालिकाको विपद् व्यवस्यापन समितिलाई सम्झनु पर्दछ ।

ज) द्रुत राहत समिति भन्नाले यस नियमावलकिो नियम ....बमोजिमको राहत वितरण समितिलाई सम्झनु पर्दछ ।

झ) राहत भन्नाले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद रकम तथा वस्तुगत सहायता सामग्री समेत सम्झनुपर्छ ।

ञ) पक्की संरचना भन्नाले आर.सी.सी. फ्रेम स्टक्चरको भौतिक संरचनालाई सम्झनु पर्दछ ।

ट) कच्ची संरचना भन्नाले आर.सी.सी. फ्रेम स्टक्चर बाहेकको भौतिक संरचनालाई सम्झनु पर्दछ ।

## भाग-२

## राहत माग र वितरणको दर :

### ४) राहत मागको प्रकृया देहाय बमोजिम हुनेछ :

(१) विपद्बाट पीडीत वा हकवालाले सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा मृत्यु दर्ताको प्रमाणपत्र, क्षतिको स्पष्ट देखिने रङ्गीन फोटो, क्षतिको स्थानीय मुचुल्का लगायतका कागजात पेश गरी सम्बन्धित वडा विपद् समितिमा निवेदन पेश गर्नु पर्नेछ । स्थानीय मुचुल्कामा दस्तखत गर्ने स्थानीय व्यक्तिको तीनपुस्ते विवरण र ना.प्र.नं खुलेको पहिचान हुनु पर्ने छ ।

(२) वडा विपद् समितिका संयोजकले क्षतिको स्थानीय मुचुल्का प्रमाणित गरी प्राप्त भएका कागजात सहित पूणर् वा आंशिक कुन क्षति भएको खुलाई तीन दिन भित्र नगरपालिकाको नगर विपद् व्यवस्यापन समितिमा पेश गर्नु पर्नेछ ।

(३) नगर विपद् व्यवस्थापन समितिका संयोजकले राहत मागको निवेदन नगर विपद् व्यवस्थापन समिति वा द्रुत राहत समिति कुनै एक समितिबाट राहतको निणर्य गर्ने गरी तोकआदेश गर्ने छ । उक्त समितिले आवश्यक्तानुसार अनुगमन गरी राहत वितरणको निणर्य गर्ने छ ।

(४) क्षतिको प्रकृति, विवरण, राहत रकमको दर र परिमाण अनुसूची -१ मा उल्लेख भए वमोजिम हुनेछ ।

## भाग-३

## द्रुत राहात वितरण समिति सम्बन्धी व्यवस्था

### ५) द्रुत राहत वितरण समिति सम्बन्धी व्यवस्था :

(१) विपद्बाट क्षति भई तत्काल वसोवास तथा खानाको समस्या भएका वा तत्काल राहतका लागि निवेदन प्राप्त हुन नसक्ने अवस्थामा तत्काल राहत उपलब्ध नगराउँदा विपद् प्रभावित व्यक्ति थप जोखिममा धकेलिन सक्ने वा थप जनधन र स्वास्थ्यमा हानी नोक्सानी देखिएमा देहाएको द्रुत राहत वितरण समितिले तत्काल राहत वितरण गर्ने छ ।

(क) नगर प्रमुख - संयोजक

(ख) उपप्रमुख - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
(ङ) कार्यालयको विपद् हेर्ने शाखाको प्रमुख -सदस्य सचिव

(२) उपनियम (१) बमोजिम तत्काल राहत वितरण गर्न द्रुत राहत वितरण समितिका सबै सदस्य उपस्थित हुन नसकेमा संयोजक वा संयोजकका तर्फबाट कुनै प्रतिनिधिले अनुसूची- १ बमोजिमको राहत वितरण गर्न सक्नेछ । निजबाट वितरित सो राहतलाई द्रुत राहत वितरण समितिबाट समर्थन हुनेछ ।

(३) उपदफा २ को प्रयोजनको लागि सानो नगदी कोष वा पेश्की रकमको व्यवस्था गरी तत्काल राहत रकमको व्यवस्था गर्न सकिने छ ।

**६) समितिको बैठक :**

(१) द्रुत राहत वितरण समितिको बैठक आवश्यक्तानुुसार बस्ने छ । सो बैठकमा सम्बन्धित शाखा प्रमुख तथा अन्य सरोकारवालालाई आमन्त्रित गर्न सकिने छ ।

(२) द्रुत राहत वितरण समितिको तर्फबाट वितरण गरिएको राहत सम्बनधी कामकाजलाई नगरकार्यपालिका मार्फत तत्पश्चात बस्ने नगरसभाबाट अनुमोदन गराउनु पर्ने छ ।

(३) राहात वितरण सम्बन्धी भए गरेका कामकाजको अभिलेख समितिको सदस्य-सचिवको जिम्मामा रहनेछ ।

(४) पूर्ण क्षति भएको भनी माग दावी भएका तर दफा ८ वमोजिमको समितिले स्थलगत अनुगमन गर्दा पूणर्र् क्षति भएको नदेखिएमा आंशिक क्षतिको मात्र राहत वितरण गर्ने छ । वडा विपद् व्यवस्थापन समितिले आंशिक क्षतिलाई पूणर् क्षति भएको भनी सिफरिश गर्न पाउने छैन ।

(५) वडा विपद् समितिले वडा समितिलाई विनियोजित विपद् राहत सम्बन्धी शिर्षकबाट खर्च गर्ने गरी अनुसूची १ बमोजिमको राहात उपलव्ध गराउन सक्नेछ । यसरी वितरण गरिएको राहत प्राप्त गर्नेले दोहोरो पर्ने गरी नगर विपद् समितिले वितरण गर्ने राहत प्राप्त गर्ने छैन ।

## भाग-४
## कोषको स्थापना र परिचालन

**७) कोषको स्थापना :**

(१) यस नियमावली बमोजिमको कामका लागि नगरपालिकामा एक विपद् व्यवस्थापन कोष रहनेछ । सो कोषमा ऐनमा उल्लेख भएका रकमको अतिरिक्त देहाएको रकम रहने छ ।

क) विपद् व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुनेगरी अन्य नगरपालिकाबाट प्राप्त रकम,

ख) नगर सभा सदस्य, नगर कार्यपालिका सदस्य तथा नगरपालिका कर्मचारीहरूबाट स्वेच्छिक रुपमा प्राप्त हुने रकम,

ग) विदेशी विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरू र त्यसमा कार्यरत कर्मचारीहरू, उद्योगी, व्यवसायी,पेशाकर्मी, राजनीतिक दल, नागरिक समाज,धार्मिक तथा परोपकारी सङ्घसंस्था र आम सर्वसाधारणबाट स्वेच्छिक रूपमा प्राप्त हुने रकम,

घ) गैरआवासीय नेपाली, वैदेशिक सरकार तथा सङ्घसंस्थाको तर्फबाट प्रचलित कानूनको अधीनमा रही प्राप्त हुने रकम ।

**८) कोष आन्तरिक कोषको रुपमा रहने :**

(१) नियम ६ बमोजिम स्थापित विपद् व्यवस्थापन कोष नगरपालिकाको आन्तरिक कोषको रपमा रहने छ । सो कोषबाट कुनै आर्थिक वर्षमा खर्च नभई बाँकी रहेको रकम फ्रिज हुने छैन ।

**९) कोषको रकम खर्च हुने अन्य क्षेत्रहरु :** (१) कोषको रकम खर्च हुने अन्य क्षेत्रहरु निम्न बमोजिम हुनेछ ।

क) विपद्को घटनाबाट प्रभावित व्यक्तिहरूलाई स्थानीय स्तरमा तुरुन्त खोज, उद्धार र राहत सेवा उपलब्ध गराउन ।

ख) विपद् पर्दा तत्कालै स्थानीय स्तरमा सामना गर्न सक्ने अवस्था सिर्जना गर्न ।

ग) विपद् जोखिम न्यूनिकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यलाई सहज गर्न ।

घ) खोज, उद्धार तथा सम्पत्तीको संरक्षण गर्न,

ङ) तत्काल राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ता कपडा, औषधी, सरसफाइ तथा शैक्षिक सामग्री जस्ता वस्तुहरू खरिद गरी उपलब्ध गराउन तथा तत् सम्बन्धी अन्य आवश्यक कार्य गर्न,

च) विपद्को कारण स्थायी बसोबास स्थल गुमाएका व्यक्तिहरूका लागि अस्थायी शिविर वा आश्रयस्थल बनाउन तथा पुनस्र्थापना गर्न,

छ) विपद् प्रभावितलाई मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

ज) विपद्बाट मृत्यु भएका व्यक्तिको काजक्रिया वा सदगत वा वेवारिसे लासको सतगत तथा व्यवस्थापनको लागि ,

झ) खोज, उद्धार तथा प्राथमिक उपचारकालागि स्वयंसेवक तथा विशेषज्ञको परिचालन र सामाग्री खरिद तथा भण्डारण गर्न,

ञ) वपद्को कारणबाट भएको फोहरमैला तथा प्रदुषणको विसर्जन गर्न,

ट) विपद् पूर्व सूचना प्रणाली स्थापना सम्बन्धी उपकरण खरिद, प्रणाली विकास र सोको सञ्चालन गर्न,

ठ) खोज, उद्धार र राहतको लागि तत्काल सञ्चार तथा यातायात सूचारु गर्न,

ड) नगरमा विपद् व्यवस्थापन स्वयंसेवकहरूको क्षमता विकास तथा परिचालन सम्बन्धी कार्य गर्न,

ढ) विपद्/जोखिमयुक्त स्थानको पहिचान तथा उक्त स्थानको धन जनको स्थानान्तरण गर्न,

ण) विपद् पछिको पुनःनिर्माण गर्न,

त) विपद् पुर्वतयारी, विपद् प्रतिकार्य, विपद् र विपद्पछिको पुनर्लाभ, विपद् जोखिम न्यूनीकरण जस्ता विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न,

थ) समितिले तोके बमोजिमको विपद् व्यवस्थापन सम्बन्धी अन्य काम गर्न, गराउन ।

द) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि नियमितरूपमा गरिने विकास निर्माण सम्बन्धी कार्यलाई विपद् व्यवस्थापनसँग आवद्ध गराएर कोषबाट कुनै पनि किसिमको खर्च गर्न पाईने छैन ।

**१०) कोष प्रयोग गर्न नपाइने :**

यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैनः

क) प्रशासनिक कार्यको लागि खर्च गर्न,

ख) पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

ग) अन्य कसैलाई कुनै किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

घ) आकस्मिक रूपमा निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास निर्माणसम्बन्धी कार्य गर्नगराउन,

ङ) विपद् जोखिम न्यूनिकरण तथा विपद् व्यवस्थापन सँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न गराउन।

**११) कोषमा न्यूनतम रकम रहने** :यस दफामा उल्लेखित क्षेत्रमा खर्च गर्दा कोषमा मौज्दात रकम पाँच लाख रूपैया भन्दा घटी भएको अवस्थामा आपतकालीन कार्य बाहेक अन्य प्रयोजनका लागि कोषको रकम प्रयोग गरिने छैन।

**१२) कोषको आम्दानी बाँध्ने अन्य विधि** : कोषमा प्राप्त हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले तोकिएको बैङ्कमा कोषको खातामा जम्मा गर्न वा कार्यालययको आर्थिक प्रशासन शाखामा नगद जम्मा गर्नु पर्ने छ।

**१३) पारदर्शिता कायम गरिने :**कोषमा जम्मा भएको नगद सहायता र नगरपालिकालाई प्राप्त भएको बस्तुगत सहायताको विवरण अर्को महिनाको सात गते भित्र सार्वजनिक गरिनेछ। सहयोगदाताले नाम सार्वजनिक नगर्न चाहेमा विवरण सार्वजनिक गरिने छैन।

## भाग ५
## वस्तुगत सहायता सम्बन्धी व्यवस्था :

**१४) वस्तुगत सहायतालाई देहाए बमोजिम परिचालन गरिने छ :**

क) विपद् सहायताका लागि प्राप्त हुन आउने वस्तुगत सहायता सामग्रीको छुट्टै मौज्दात किताब स्थापना गरी अभिलेख गरिनेछ।

ख) कुनै व्यक्ति वा संस्थाबाट नगद बाहेकको वस्तुगत सहायता सामग्री प्राप्त हुने सामाग्री उपयोगी भएमा त्यस्तो सहायता सामग्रीलाई स्वीकार गरिनेछ।

ग) वस्तुगत सहायता सामग्रीलाई अलग्गै मौज्दात किताबमा आम्दानी अभिलेख जनाई त्यस्तो सामग्रीलाई बस्तुगत आम्दानीको रूपमा समेत अभिलेख राखिनेछ।

घ) प्राप्त भएका बस्तुगत सहायता सामग्री तत्काल प्रयोग गर्न आवश्यक नपर्ने वा नमिल्ने वा लामो समयसम्म भण्डारण गरी राख्न पनि अनुकुल नहुने सड्ने, बिग्रने, नासिने वा खेर जाने प्रकृत्तिको भएमा समितिले त्यस्तो सामग्रीलाई उचित व्यवस्थापन गर्न सक्ने छ।

ङ) राहात वितरण गर्दा मापदण्ड/निर्देशिका बनाई सो का आधारमा वितरण गरिने छ।

## भाग -६
## खाता सञ्चालन, लेखा राख्ने र लेखापरीक्षण सम्बन्धी ब्यवस्था :

**१५) कोषको खाता सञ्चालन :**

(१) कोषको आय रकम सङ्कलन तथा व्यय रकम परिचालनका लागि नगरपालिकामा सञ्चित कोष रहेको वीत्तीय संस्थामा एक छुट्टै खाता खोलिनेछ।

(२) कोषको बैंक खाता सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(३) साधारतया कोषबाट एक पटकमा पाँच हजार रूपैया भन्दा बढीको रकम भुक्तानी गर्दा बैंक मार्फत भुक्तानी गरिनेछ।

(४) कोषले कार्यपालिकाले तोकेबमोजिम आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गर्ने छ।

**१६) कोषको आय व्ययको लेखा राख्ने :**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगरसभा समक्ष पेश गर्नु पर्नेछ ।

**१७) कोषको लेखा परीक्षण :**

(१) कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछहुनेछ ।

(२) नगर कार्यपालिकाले चाहेमा जुनसुकै बखत समितिको हिसावकिताव जाँच्न वा जाँच गर्न गराउन सक्नेछ ।

**१८) एक वा दुबै किसिमको राहत वितरण गर्न सकिने** :राहत उपलब्ध गराउँदा कोषमा जम्मा भएको रकम र वस्तुगत सामग्री मध्ये आवश्यकता र औचित्यका आधारमा दुवै वा कुनै एक मात्र पनि उपलब्ध गराउन सकिनेछ ।

## भाग -७
## सशर्त सहायता

**१९) सहायता स्वीकार गर्ने वा नगर्ने सम्बन्धमा** : नेपाल सरकार, प्रदेश सरकार वा अन्य स्थानीय सरकारले उपलब्ध गराएको बाहेक कुनै व्यक्ति वा संस्थाले सशर्त सहायता उपलब्ध गराउन चाहेमा त्यस्तो सहायता स्वीकार गर्ने वा नगर्ने बिषय द्रुत राहत वितरण समितिले निणर्य गर्ने छ ।

**२०) अनुगमन :**

(१) कोष परिचालन तथा सोबाट भएका कामको नियमित तथा आकस्मिक अनुगमन सम्बन्धी कार्यका लागि समितिको संयोजक वा उप प्रमुखकको संयोजकत्वमा द्रुत राहात समितिका तीन जना सदस्य संलग्न रहेको अनुगमन टोली खटाई कोष परिचालनबाट भएको कामको अनुगमन गर्न सकिने छ ।

(२) अनुगमन टोलीमा उपलब्ध भएसम्म स्थानीय राजनीतिक दल, विपद् व्यवस्थापन सम्बन्धी कायमा संलग्न गैरसरकारी सङ्घसंस्था,उद्योगी व्यवसायी आवद्व सङ्घसङ्गठन, नागरिक समाज तथा पत्रकार आवद्व सङ्घसङ्गठन र सशर्त सहायता उपलब्ध गराउने व्यक्ति वा संस्थाको प्रतिनिधि समेतलाई संलग्न गराउन सकिने छ ।

**२१) कारवाही :** राहत सहायता वितरणको अनुगमन गर्दा कुनै व्यक्तिले झुठा विवरण पेश गरी कोषबाट राहत प्राप्त गरेको वा कोषले उपलब्ध गराएको राहतको दुरूपयोग गरेको पाईएमा दोषी उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**२२) बाधा अड्काउ,फुकाउन सक्नेः** यस नियमावली कार्यन्वयनमा कुनै बाधा अडकाउ आएमा नगरकार्यपालिकाले सो बाधा अडकाउ फुकाउन सक्नेछ ।

**२३) निर्देशिका/कार्यविधि बनाउन सक्ने :** ऐन वा यस नियमावली कार्यन्वयनका लागि नगरकार्यपालिकाले निर्देशिका/कार्यविधि/मापदण्ड बनाउन सक्ने छ ।

**२४) खारेजी र बचाऊ :** विपद् पीडीत राहात वितरण कार्यविधि, २०७८ र विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०८०" खारेज गरिएको छ । खारेज गरिएका दुबै कार्यविधिहरु बमोजिम भए गरेका कामकाजहरु यसै नियमावली बमोजिम भए गरेको मानिने छ ।

## अनुसूची - १
## नियम ४ को उपनियम (४)सँग सम्बन्धित
## क्षतिपरक बस्तु,क्षतिको विवरण र उपलब्ध गराईने राहतको विवरण

| क्षतिपरक व्यक्ति/बस्तु | क्षतिको विवरण | उपलब्ध गराईने राहतको विवरण (प्रतिव्यक्ति) | | कैफियत |
|---|---|---|---|---|
| | | नगद रु | बस्तुगत सहायता | |
| **व्यक्ति** | मृत्यु | बीस हजार | - | - |
| | अङ्गभङ्ग | पाँच हजार | - | - |
| | गम्भिर घाईते | पाँच हजार | - | - |
| | गम्भिर विरामी | पाँच हजार | - | - |
| **पशु (प्रति गोटा)** | | | | |
| दहुनो भैसी (उन्नतजात) | मरेमा | दश हजार | - | बिमा नगरिएका लाई मात्र उपलब्ध गराईने छ। |
| दहुनो भैसी (स्थानीय जात) | मरेमा | आठ हजार | - | |
| राँगा | मरेमा | पाँच हजार | - | |
| दहुनो गाई (उन्नत जात) | मरेमा | सात हजार | - | |
| दहुनो गाई (स्थानीय जात) | मरेमा | पाँच हजार | - | |
| गोरु | मरेमा | तीन हजार | - | |
| दुध नदिने गाई | मरेमा | दुई हजार | - | |
| भेडाबाखा/खसीबोका (उन्नत जात) | मरेमा | दुई हजार पाँच सय | - | |
| भेडाबाखा/खसीबोका (स्थानीय जात) | मरेमा | दुई हजार | - | |
| बंगुर | मरेमा | तीन हजार | - | |
| **भौतिक संरचना** | | | | |
| घर(पक्की) | पूर्ण क्षति | दश हजार सम्म । | - | बिमा नगरेका हरुलाई मात्र उपलब्ध गराईने छ। |
| | आंशिक क्षति | तीन हजार सम्म । | - | |
| घर(कच्ची) | पूर्ण क्षति | पाँच जहजार सम्म | - | |
| | आंशिक क्षति | दई हजार सम्म | - | |
| **गोठ/धन्सार** | | | | बिमा नगरेका हरुलाई मात्र उपलब्ध गराईने छ। |
| पक्की | पूर्ण क्षति | एक हजार पाँच सय | - | |
| कच्ची | पूर्ण क्षति | एक हजार | - | |
| **घर/गोठ/धन्सार** | दायाँबायाँ/अघिपछि पहिरो गएको | चार हजार रुपैया सम्म । | | |
| **टौवा/पराल** | पूर्ण क्षति | एक हजार । | - | |
| **खाद्यान्न** | | | - | - |
| धान(फलेको) | पूर्ण क्षति | क्षति परिमाण बजार मुल्यको दश प्रतिशत सम्म | - | - |
| | आंशिक क्षति | क्षति परिमाण बजार मुल्यको दश प्रतिशत सम्म | - | - |
| धान(फुलेको) | पूर्ण क्षति | - | बीस प्रतिशत विउविजन वितरण गर्ने । | - |
| | आंशिक क्षति | - | बीस प्रतिशत विउविजन वितरण गर्ने | - |

आज्ञाले,

चिरन्जीवी पौडेल,

प्रमुख प्रशासकीय अधिकृत,